TUTA Journal Vol. 11-12(1), 2023/2024 ISSN : 23508892

# उत्तरवर्ती नेपाली उपन्यासमा लैङ्गिकता : प्रयोगिक संश्लेषणको प्रतिरूप

**माया घिमिरे, उपप्राध्यापक, नेपाली विभाग, राममणि बहुमुखी क्याम्पस, रूपन्देही**
Email : ghimiremaya26@gmail.com

**सार**

प्रस्तुत लेख उत्तरवर्ती नेपाली उपन्यासमा लैङ्गिकताको प्रयोगिक पक्षको संश्लेषणसँग सम्बन्धित छ। यस लेखका लागि द्वितीयक स्रोतका सामग्रीको उपयोग भएको छ । गुणान्तम अनुसन्धान पद्धतिमा आधारित यस लेखमा सङ्कलित सामग्रीलाई विषयगत आधारमा वर्गीकरण गरी तिनको संश्लेषण गरिएकाले यो विषयवस्तुकेन्द्री अध्ययन हो । नेपाली उपन्यासको उत्तरवर्ती चरणमा गरिएका लैङ्गिकतासम्बन्धी अध्ययनको समीक्षा गरिएको यस लेखमा ती अध्ययनमा उपयोग गरिएका मानकलाई पितृसत्ता, नारीवाद, यौनिकता र शरीर राजनीतिजस्ता विषयमा वर्गीकरण गरिएको छ । उत्तरवर्ती नेपाली उपन्यासमा पितृसत्ताका कारण अपरिचयीकरणमा परेको पुरूषइतरको लैङ्गिक निर्मितिको प्रस्तुति, पुरूष वर्चस्वका कारण किनारीकृत भएका नारी, अनुभूति र अनुभवमा आधारित यौनिक पक्षमाथि सत्ताको नियन्त्रण तथा विषयमलिङ्गि सामाजिक निर्मितिमा पुरूषले नारीइतरका लैङ्गिक निर्मितिमाथि नियन्त्रण गरी तिनको यौन र प्रजनन अधिकारमाथि नियन्त्रण गरेको विषय प्रस्तुत भएको छ । यस लेखमा पितृसत्ता, नारीवाद, यौनिकता र शरीर राजनीतिजस्ता विषयका आधारमा उत्तरवर्ती नेपाली उपन्यासमा गरिएको अध्ययनको समीक्षा तथा त्यसको संश्लेषण गरिएको छ।

*शब्दकुञ्जी* : पितृसत्ता, नारीवाद, यौनिकता, शरीर राजनीति

लेखसम्बन्धी विवरण : लेख प्राप्त मिति : २०८०/०८/१२, लेख पुनरावलोकन मिति : २०८०/११/१३, लेख स्वीकृत मिति : २०८१/०३/१३ ।
प्रकाशक : त्रि वि प्राध्यापक संघ, महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगर, एकाइ समिति।

## विषयपरिचय

यस अध्ययनमा मुख्य अनुसन्धेय विषयका रूपमा उत्तरवर्ती नेपाली उपन्यास र लैङ्गिकता रहेका छन्। नेपाली साहित्यको विवादित कालविभाजनको विषय उत्तरवर्ती चरणको निर्धारणका सन्दर्भमा पनि यथावत् नै रहेको छ। नेपाली साहित्यको समकालीनतासँग जोडिएको यस विषयलाई साहित्येतिहासकारहरूले २०३०, २०३६, २०४६, २०५२, २०६२ सालका राजनैतिक परिवर्तन र त्यसले पारेको प्रभावलाई आधार मानेर प्रस्तुत गरेका छन्। वर्तमान समयसम्म निरन्तर रूपमा गतिशील साहित्यको उत्तरवर्ती चरणको र्निक्यौंल जटिल बनेर रहेको छ । नेपाली साहित्यको काल विभाजनको विषयलाई राजनैतिक, भाषिक, साहित्यिकआन्दोलन र त्यसले समाज र साहित्यमा पारेको प्रभाव र प्रवृतिलाई आधार मानी गरिएको छ । नेपालको राजनैतिक इतिहासमा २०४६ सालको आन्दोलन, २०५२ सालको माओवादी सशस्त्र विद्रोह, २०६२/६३ सालको लोकतान्त्रिक आन्दोलनसँगै सांस्कृतिक अध्ययनमा परिवर्तित चिन्तन र चेतनाका भावहरू अभिव्यञ्जित हुनथाले। नारी स्रष्टाहरूले नारी समस्यालाई प्रत्यक्ष रूपमा अभिव्यक्त गर्दै लैङ्गिक, यौनिक र मातृत्वका सम्बन्धमा पहिचान र प्रतिरोधका भावहरू समन्वित गर्न थाले, जसले गर्दा नेपाली साहित्यको आख्यान विधामा नवीन तरङ्गहरू उत्पन्न भएका छन्। २०४६ पछिको अभिव्यक्तिगत स्वतन्त्रताले समाजका हरेक पक्षमा प्रभाव पार्न थालेपछि समाजमा विद्यमान पुरातन मूल्य र मान्यताका विरूद्ध आवाज उठाउँदै महिला तथा अन्य

सीमान्तीकृत वर्ग र जातिका आवाज मुखरित हुने क्रम बढ्दै गयो । यसै क्रममा २०६२/६३ सालको जन आन्दोलनको प्राप्तिका रूपमा गणतन्त्रको स्थापना भएपछि समावेशी मूल्य, मान्यतालाई आधार मानी जारी गरिएको नेपालको गणतान्त्रिक संविधान २०७२ सार्वजनिक भएपछि परिवर्तित यथार्थलाई स्रष्टाहरूले साहित्यमार्फत् प्रतिबिम्बन गर्न थाले । यस चरणमा आधुनिक नेपाली साहित्यमा विद्यमान परम्परित प्रवृतिको निरन्तरतासँगै नवीन प्रवृतिको ग्रहण, प्रभाव प्रयोग र विस्तारको क्रममा विश्व साहित्यमा नवीन अवधारणाका रूपमा विकसित उत्तरआधुनिकतावादी बहुलतासम्बद्ध दर्शन, प्रवृति र प्रतिमानहरू अभिव्यञ्जित हुन थाले । यसपछिका  आख्यानात्मक कृतिहरूमा पितृसत्ताले सिर्जना गरेका हिंसा, दमन, उत्पीडनका विरूद्धमा पहिचान र प्रतिरोधका भावहरू सशक्त रूपमा प्रस्फुटन भएका छन् । परम्परित यौन मान्यता, मातृत्व, विवाह, लैङ्गिकता, सतीत्व, सन्तान उत्पादन, उपभोक्तावादी अवधारणाजस्ता विषयलाई समय र समाज सापेक्ष मूल्याङ्कन गर्दै साहित्य सिर्जना गर्ने क्रम बढ्दो छ ।

सामान्यतः लैङ्गिकता भन्नाले महिला र पुरूषमाथि समाजले तोकेको भूमिका हो । यस अन्तर्गत लिंगका आधारमा गरिने भेद र अन्यायपूर्ण व्यवहार एवम्  पूर्ण परम्परित मान्यताबाट निर्माण गरिएका लैङ्गिक भूमिकाहरूमा समान तथा न्यायपूर्ण अवस्थाको खोजी गर्नु हो । यो अन्तरअनुशासनात्मक विषय हुनाले यसको अर्थ यही र यति नै हो भन्न सकिने अवस्था छैन । यो पश्चिमी समालोचनाको अधुनातन समालोचना पद्धतिका रूपमा देखा परेको सांस्कृतिक अध्ययनको उत्तर आधुनिकतावादी बहुलता भित्रको नारीवादबाट सन् १९६० पछि विकसित भएको हो । यसले सांस्कृतिक अध्ययनका क्रममा साहित्यलाई पाठका रूपमा लिंदै लैङ्गिक अवस्था र शक्तिसम्बन्धको खोजी गरी परिधीय शक्तिको पहिचान र प्रतिरोधको क्षमतालाई देखाउंछ । यसले लिंगको सामाजिक, सांस्कृतिक र मानसिक निर्मितिका आधारमा समाजमा महिला र पुरूषको भूमिकाको अध्ययन गर्दछ । यो लिङ्ग र लैङ्गिकतासँग सम्बन्धित छ । लिङ्ग जीववैज्ञानिक निर्मिति हो । यो आनुवंशिक, सार्वजनिक र स्थायी हुन्छ भने लैङ्गिकता सामाजिक, सांस्कृतिक, मानसिक निर्मितिका रूपमा विकसित भएको हो र यो समय, समाज, स्थान र संस्कृति अनुसार फरक हुन्छ । शारीरिक संरचनागत भेदका कारण समाजशास्त्रीय र सांस्कृतिक तहमा आइपुग्दा यसमा भेदको अवस्था देखिन्छ । यही आधारमा समाजले महिला र पुरूषका छुट्टाछुट्टै भूमिका निर्धारण गरेको हो । शारीरिक संरचना भिन्न भए पनि महिला र पुरूषको हैसियत, भूमिका र सम्भावना समान हुनुपर्छ भन्ने समानता र समताको केन्द्रबिन्दुमा यो अध्ययन अगाडि बढेको हो । विभेदकारी मानवीय संस्कृतिबाट समाजलाई व्युँझाएर महिला र पुरूषको असन्तुलित शक्तिसम्बन्धलाई उधिन्दै मानवतावादी चिन्तन र सामाजिक न्यायको सिद्धान्तलाई स्थापित गर्ने ध्येयका साथ लैङ्गिक अध्ययनको आरम्भ र विकास भएको हो ।

लैङ्गिक चिन्तन, भूमिका, भेद, प्रतिनिधित्व, पहिचान, प्रतिरोधजस्ता लैङ्गिक चेतनासँग सम्बद्ध भावहरू साहित्यका सबैजसो विधामा अभिव्यञ्जित भएपनि आख्यान विधामा बढी सशक्त र सघन रूपमा मुखरित भएर आउने क्रम बढ्दो छ । नेपाली साहित्याकाशमा परम्परादेखि नै पितृसत्ताको ओझेलमा परी किनारीकृत भएर रहेका नारीसम्बद्ध चिन्तन, चेतना र भावलाई नारी स्रष्टाहरूले आख्यान विधाका माध्यमबाट मुखरित गर्ने क्रम ६० को दशकपछि बढ्दै गएको छ । यस चारणमा लैङ्गिक चेतनाको अभिव्यक्ति समय र समाज सापेक्ष प्रबल बन्दै गएको छ । लैङ्गिक चेतनालाई आधार बनाएर उपन्यास लेख्ने क्रम बढेको सन्दर्भमा नारी स्रष्टाले पहिचान, अस्तित्व र उत्साहलाई केन्द्रमा राखी उपन्यास सिर्जना गर्दै गएका छन् भने तेस्रोलिङ्गीले पनि आफ्नो स्वतन्त्र पहिचानको लडाइ छेडिसकेका छन् र कानुनी मान्यता प्राप्त गरी पहिचानको स्तम्भ खडा गरेका छन् । यसै सन्दर्भमा उपभोगतावादी संस्कृतिको विरोध गर्दै नारी शरीरलाई वस्तुकरण गर्दै विज्ञापन तथा अन्य कमेडिफिकेसन गर्ने परम्पराको विरूद्धमा शरीर राजनीतिसँग सम्बद्ध

भावनाहरू पनि उपन्यास विधाकै माध्यमबाट मुखरित हुने क्रम बढ्दै गएको छ । यसरी उत्तरवर्ती चरणमा सामाजिक व्यवस्थामा भएका परिवर्तित मूल्यमान्यतालाई व्यावहारिकतामा उतार्ने क्रममा लैङ्गिक चेतनालाई आधार बनाएर उपन्यास लेख्ने क्रमको निरन्तरतामा पुलिङ्गतालाई पनि अध्ययनीय विषय बनाउन थालिएको छ । नेपाली साहित्यमा लैङ्गिक चेतना र नारीपुरूषको सम्बन्ध र भूमिकालाई आधार मानेर साहित्यको विश्लेषण गर्ने परम्परा उत्तरवर्ती चरणमा ५० को दशकपछि देखा पर्न थालेको हो तापनि लैङ्गिकतासँग सम्बन्धित चिन्तन कतै नारीवाद त कतै बहुसांस्कृतिक अध्ययन र कतै उत्तरआधुनिक समीक्षा शीर्षकबाट अन्तरगर्भित भएर आउने परम्परा पनि निरन्तर अगाडि बढेको छ । लैङ्गिक चेतना सशक्त,प्रबल र सबल रूपमा अभिव्यञ्जित भएका उपन्यास लेखनको परम्परा उत्तरवर्ती चरणमा बढ्दो छ त्यसैले यस अध्ययनमा नेपाली साहित्यको उत्तरवर्ती चरण (२०४६–२०७८ ) का उपन्यासको लैङ्गिकताका, पितृसत्ता, नारीवाद, यौनिकता र शरीर राजनीतिजस्ता प्रतिमानका आधारमा अध्ययन तथा विश्लेषण गरिने छ ।

## अध्ययनविधि

प्रस्तुत अध्ययनमा उत्तरवर्ती नेपाली उपन्यासमा लैङ्गिकताको अध्ययन लैङ्गिक समालोचनाको दार्शनिकता अनुसार स्थापित साहित्यकेन्द्री प्रतिमानका रूपमा रहेका पितृसत्ता, नारीवाद लगायत लैङ्गिकतासम्बद्ध विषयमा भएका अध्ययन,अनुसन्धान,लेख, रचना, समालोचना र शोधकार्यका आधारमा समीक्षा गरिएको छ । समीक्षा गर्ने क्रममा लैङ्गिकताका प्रतिमानहरू पितृसत्ता, नारीवाद, यौनिकता र शरीरराजनीति र यिनको लैङ्गिकतासँगको अन्तरसम्बन्धका बारेमा भएका पूर्वकार्यलाई अध्ययनमा समेटिएको छ । यस अध्ययनमा विषयगत रूपमा प्राप्त सामग्रीलाई कालक्रमिक ढाँचामा विश्लेषण गरी तिनका आधारमा अध्ययनका लागि रहेको रिक्तता र अध्ययन गर्न बाँकी शोध समस्याको पहिचान गरिएको छ ।

## सामग्री विश्लेषण : प्राप्ति र छलफल

लैङ्गिकतामा लिङ्गकेन्द्री अध्ययन प्रक्रियामा रहेका पितृसत्ता र नारीवादलाई केन्द्रकका रूपमा स्थान प्रदान गरिएको हुन्छ । नारीवादबाट अंकुरित र अनुप्राणित लैङ्गिक अध्ययन सन् १९८० पछि आफ्ना मूल्य, मान्यता र पृथक् अवधारणाकासाथ विकसित र विस्तारित भएको हो । यस अध्ययनमा लैङ्गिकतालाई विश्लेषण गर्ने प्रतिमानका रूपमा नारीवाद, पितृसत्ता, यौनिकता र शरीर राजनीतिलाई उल्लेख गरिएको छ । यिनैका आधारमा उपन्यासमा नारी पुरूषको सम्बन्धका विषयमा केन्द्रित भई पूर्वाध्ययनको विश्लेषण र संश्लेषण गरिने छ । यस अध्ययन पूर्व भएका खोज, अनुसन्धान, शोधप्रक्रिया र स्वतन्त्र अध्ययनमा भएका उत्तरवर्ती चरणका उपन्यासकेन्द्री लैङ्गिकताको समीक्षाका अतिरिक्त अन्य आख्यानात्मक विधामा लैङ्गिकतासम्बद्ध भई गरिएका अध्ययनलाई समेटिएको छ र पितृसत्ता, नारीवाद, यौनिकता र शरीर राजनीतिजस्ता प्रतिमानलाई आधार मानी पूर्वकार्यको समीक्षा गरिएको छ ।

## पितृसत्ता

पुरूषप्रधान शासन व्यवस्थालाई पितृसत्ता भनिन्छ । यो लैङ्गिक अध्ययनको विश्लेषणको पहिलो प्रतिमान हो । लैङ्गिक अध्ययनका सबैजसो प्रतिमानहरू यससँग प्रत्यक्ष वा परोक्ष रूपमा अन्तरसम्बन्धित भएर आउँछन् । पितृसत्तामा परिवारका सबै सदस्यहरू पिता वा अन्य कुनै पुरूषको अधीनमा रहने व्यवस्था रहेको हुन्छ । यसले समान रूपमा सृष्टि भएका नारी र पुरूषलाई लिङ्गका आधारमा विभेदको खाडल सिर्जना गरी आपसमा शक्तिसम्बन्धका कारण दूरी कायम गरी नारीलाई किनारीकृत गर्ने काम गर्छ । यो पुरूषपक्षीय सामाजिक, सांस्कृतिक निर्मिति हो ।

पितृसत्ताका सम्बन्धमा ज्ञानू पाण्डे (२०६९) ले *नेपाली उपन्यासमा लैङ्गिकता* पुस्तकमा उपन्यासलाई लैङ्गिकताका आधारमा विश्लेषण गर्ने क्रममा सामाजिकीकरणका कारण पितृसत्ता निर्मिति हुने कुरा बताएकी छन् । उनले यस अध्ययनमा लैङ्गिक भेदको मूल श्रोतका रूपमा पितृसत्ता रहेको निर्क्यौल गरेकी छन् । उपन्यास विश्लेषणका क्रममा आधुनिक काललाई दुई चरणमा वर्गीकरण गरी दुवै चरणका उपन्यासमा पुरूषको प्रभुत्व र वर्चस्वका कारण नारीको उत्पादन, श्रम शक्ति, गतिशीलता, यौनिकता, प्रजनन शक्ति लागायत शिक्षा, सूचना, सञ्चारजस्ता क्षेत्रमा अधीनस्थ भएर रहनुपरेको यथार्थलाई प्रक्षेपण गरेकी छन् । पाण्डेले आधुनिकताको प्रवर्तन गर्ने रूपमती (१९९१) उपन्यासदेखि अनावृत्त (२०६७) सम्मका बाह्र वटा उपन्यासको विश्लेषणका क्रममा पितृसत्ताका परिवार, धर्म, कानुन, शिक्षा, राजनीति, सञ्चार, राज्यजस्ता संस्था र तिनले निर्माण गरेका पुरूषपक्षीय व्यवस्थाले लैङ्गिक समता र समानता कायम गर्न बाधा पारेको निष्कर्ष निकालेकी छन् । यस अध्ययनमा पितृसत्तात्मक समाजमा नारीसम्बद्ध धैरै पक्षहरू पुरूषको नियन्त्रणमा रहेपनि सांस्कृतिक अध्ययनको गतिशीलताका कारण लैङ्गिकताको अवधारणा समय सापेक्ष परिवर्तन हुँदै गएको र उत्तरवर्ती चरणका उपन्यासमा यौनिकता,मातृत्व लगायतका विषयमा समेत नारीका प्रतिरोधी भावहरू सशक्त रूपमा अभिव्यक्त हुन थालेको सङ्केत गरेकी छन् । यस अध्ययनमा पाण्डेले लैङ्गिक समता र समानताको समस्या नारीको मात्र नभएर समग्र समाजको समस्या बनेको कुरा अभिव्यक्त गर्नु सकारात्मक पक्ष हो । समाजमा पितृसत्ता र यसका संस्थाहरूले नारीसँग सम्बद्ध पक्षमा जरादेखि टुप्पासम्म पारेको प्रभावलाई उपन्यास विधामा प्रतिबिम्बिन हुने धारणाले परवर्ती अध्येतालाई समस्याको क्षेत्र निर्धारण गर्न मार्गनिर्देश गरेको छ । पितृसत्ताको सामाजिकीकरणका कारण लैङ्गिक भेद उत्पन्न भएको र यसको प्रभाव उपभोक्तावादी पुँजीवादी अर्थव्यवस्थासम्म पर्ने निष्कर्षले भावी अध्येतालाई उपन्यास विश्लेषणमा आधार प्रदान गरेको छ । सैद्धान्तिक अवधारणालाई प्रयोग पक्षसँग समन्वय गरी गरिएको यस अध्ययनमा सैद्धान्तिक अवाधारणालाई सङ्केत मात्र गरिएको हुनाले र लैङ्गिकताका निश्चित र निर्धारित प्रतिमान कायम गरी कृतिको विश्लेषण नगरिएको सन्दर्भमा भावी अध्येतालाई अध्ययनको रिक्तता पत्ता लगाउन सहयोग सामग्रीका रूपमा रहेर आधार प्रदान गरेको छ । कृति विश्लेषणका क्रममा पितृसत्तालाई लैङ्गिकताका पर्याधारसँग समन्वय गरी विवाह जस्ता संस्थालाई परम्परित मूल्य मान्यतामा केन्द्रित गरी पतिरूपको वर्चस्वलाई कम गरी समाजमा समता र समानता कायम गर्न सकिने निष्कर्ष निकालिएको यस अध्ययनले भावी अध्येतालाई उत्तरवर्ती उपन्यासमा लैङ्गिकता अनुसंधेय र अध्ययनीय विषयका रूपमा रहेको रिक्ततालाई पुष्टि गरेको छ ।

राजेन्द्र खनाल (२०७१) ले *नेपाली उपन्यासमा लैङ्गिक चेतना* शीर्षकमा विद्यावारिधि तहको शोधपत्रमा १९८९ देखि २०६८ सम्मका नारीपुरूष लिखित ४६ वटा उपन्यासको प्रारम्भिक सर्वेक्षण गरी प्रतिनिधिमूलक ६ वटा उपन्यासको लैङ्गिकताका आधारमा विश्लेषण गरेका छन् । अध्ययनका क्रममा खनालले लैङ्गिकता सम्बद्ध विश्लेषणको पहिलो आधारका रूपमा पितृसत्तालाई उल्लेख गर्दै विश्लेषित सबै उपन्यासमा पितृसत्ताका कारण लैङ्गिक समस्या उत्पन्न भएको निष्कर्ष निकालेका छन् । लैङ्गिक चेतनाको खोजी गरिएको यस अध्ययनमा लैङ्गिकताको सैद्धान्तिक अवधारणामा पितृसत्ताको सूक्ष्म रूपमा पृथकीकरणका साथ विश्लेषण गरिएको छ । उपन्यासमा लैङ्गिक चेतनालाई प्रतिनिधिलक पद्धतिका आधारमा विश्लेषण गरिएको यस अध्ययनले लैङ्गिक अध्ययनको आन्दोलनसँग सम्बद्ध समलिङ्गी तथा तेस्रो लिङ्गीका समस्याको कारकका रूपमा पितृसत्ता रहेको ठम्याएको छ (पृ ३६०–३६५) । विपरीतलिङ्गी यौन सम्बन्धलाई मान्यता दिने पितृसत्तात्मक समाजका व्यवस्थाले समलिङ्गी पुरूष र नारी दुवैलाई हिंसा, भेद र अधिकारबाट वञ्चित गरेको यथार्थलाई अध्ययनमा सूक्ष्म रूपमा विश्लेषण गरिएको छ । खनालको यस अध्ययनले नेपाली उपन्यासको परम्परामा लैङ्गिक चेतनाको प्रभाव तीव्र रूपमा बढ्दै गएको पुष्टि गरेको छ र लैङ्गिक

चेतनामा यस प्रकारको पितृसत्ताको प्रभाव र प्रवृतिले उत्तरवर्ती नेपाली उपन्यासमा लैङ्गिकताको अध्ययनका क्रममा रिक्तता पत्ता लगाउन थप मार्गनिर्देश गरेको छ ।

रजनी ढकाल (२०७२) ले *नेपाली नारी उपन्यासमा लैङ्गिकता* पुस्तकको 'पितृसत्तात्मक सत्ताको विरोध' उपशीर्षकमा पितृसत्तात्मक सामाजिक प्रणालीमा गतिशील नेपाली समाजका सबै एकाइहरू प्रतिनिधिमूलक उपन्यासको विश्लेषण गरी उत्तरवर्ती चरणका उपन्यासमा पितृसत्ता र यसले प्रतिबिम्बन गरेको लैङ्गिक भेद र उत्पीडनलाई समीक्षा गरेकी छन् । नारी स्रष्टाका प्रतिनिधिमूलक उपन्यासको विश्लेषण गरिएको यस पूर्वाध्यायनले पितृसत्ता र यसका संस्थाहरूले नारीपुरषको सम्बन्धका बारेमा अध्ययन गरी भ्रूणदेखि घाटसम्म लैङिक भेद उत्पन्न भएको पुष्टि गरेको हुनाले उत्तरवर्ती उपन्यासको लैङ्गिक अध्ययनका क्रममा रिक्तता पत्ता लगाई लैङ्गिकतालाई अनुसन्धेय विषयका रूपमा चयन गर्न मार्ग प्रशस्त गरेको छ ।

**नारीवाद**

नारीलाई केन्द्रमा राखेर नारीका पक्षमा लेखिने, बोलिने र चिन्तनमनन गरिने नारीपक्षीय अन्तरअनुशासनात्मक दर्शनका रूपमा नारीवाद परिचित छ । यसले नारीको लैङ्गिक पहिचान स्थापित गर्दै लैङ्गिक हिंसा,दमन,उत्पीडन र भेदका विरूद्ध वैश्विक प्रतिरोधको भाव निर्माण गरेको छ । नारीवादको अध्ययन नारीवादी समालोचनाले गर्दछ । नारीवादबाट अंकुरित,अनुप्राणित, विकसित र विस्तारित लैङ्गिक अध्ययनको विश्लेषणको बलियो आधारका रूपमा नारीवाद रहेको छ । परम्परित पितृसत्ताका विरूद्धमा नारीकेन्द्री विचारलाई महत्व दिइने नारीवादी समालोचनाले नेपाली साहित्य समालोचनामा उत्तरवर्ती चरणबाटै स्थान पाउन थालेको हो ।

कृष्ण गौतम (२०५०) ले *आधुनिक आलोचना : अनेक रूप अनेक पठन* नामक समालोचनात्मक कृतिमा बालकृष्ण समको प्रह्लाद नाटकको स्त्रीवादी पठन र बहुसांस्कृतिवादी पठन शीर्षकमा नारीवाद र सांस्कृतिक अध्ययनको सैद्धान्तिक अवधारणा उल्लेख गरेका छन् । यसक्रममा उनले पितृसत्तात्मक नेपाली समाजमा नारीलाई नराश्रित बनाइएको र समाजका हरेक क्षेत्रमा दोस्रो दर्जाको नागरिकका रूपमा राखिने कुरालाई उल्लेख गरेका छन् । अध्ययनमा गौतमले नारीवादी चिन्तन र चेतना पश्चिमी साहित्य समालोचनाबाट विकसित भएको र सिमोन द बुभुवा, केट मिलेट, मिचेल ब्यारेट आदिले यस दर्शनलाई गतिशील तुल्याएको उल्लेख गरेका छन् । उनले 'प्रह्लाद' नाटकका नारी चरित्रलाई नारीवादी सौन्दर्यशास्त्रीय अवधारणा अनुसार चित्रण गरेका छन् । नारीलाई आधार मानेर गरिएको यस विश्लेषणले नेपाली साहित्यका जुनसुकै विधालाई नारीवादका आधारमा विश्लेषण गर्न सकिने कुरालाई सङ्केत गरेको छ । नाटकको स्त्रीवादी विश्लेषणले नारीवादी दर्शन आख्यान विधामा सघन रूपमा प्रतिबिम्बित हुन्छ भन्ने दृष्टिकोणलाई पुष्टि गरेको छ । अध्ययनले लैङ्गिक अध्ययनको प्रतिमानका रूपमा रहेको नारीवादलाई आधार मानी लैङ्गिक हिंसा, भेद, दमन, उत्पीडन आदिको अध्ययन गर्न सकिने रिक्ततालाई स्पष्ट पार्दै उत्तरवर्ती उपन्यासलाई नारीवादका आधारमा विश्लेषण गर्न सकिने तथ्यको मार्गनिर्देश गरेको छ ।

सुधा त्रिपाठी ( २०६८)ले *आधुनिक नेपाली उपन्यासमा नारीवादी चेतना* शीर्षकको विद्यावारिधि तहको शोध पत्रमा पश्चिमी साहित्य समालोचनाबाट नारीवादी चिन्तनको थालनी भएको उल्लेख गर्दै नारीवादी अध्ययन प्रक्रियाको अध्ययन गरेकी छन् । नारीवादी समालोचनाको निरूपणका क्रममा त्रिपाठीले नारीवादका मूल धार तथा सहायक धारको र्निक्यौल गरी उपन्यास विश्लेषणका लागि पर्याधार निर्माण गरेकी छन् । उनले नारीवादका वैश्विक मान्यताहरूलाई सूक्ष्म रूपमा विश्लेषण गर्दै नारीलाई केन्द्रमा राखी नारीपक्षीय ढङ्गले अध्ययन तथा विश्लेषण गरिने नारीवादका आधारमा

करिब छ दर्जन उपन्यासको सर्वेक्षण गरेकी छन् । पुरूषलिखित तथा नारीलिखित नारी समस्यामा आधारित छ वटा प्रतिनिधिमूलक उपन्यासलाई रचना पृष्ठभूमि, शीर्षक, नारीनारी बीचको सम्बन्ध, पुरूषको नारीप्रतिको दृष्टिकोण, लेखकीय विचारधारा आदिलाई आधार मानी विश्लेषण गर्दै रूपमती उपन्यासमा उदारवादी नारीवाद, स्वास्नी मान्छेमा स्वच्छन्दतावाद उत्प्रेरित क्रान्तिकारी नारीवाद, अनुराधामा मनोविश्लेषणवादी नारीवाद, तीन घुम्तीमा अस्तित्ववादी नारीवाद र अनिदो पहाडसँगै उपन्यासमा मार्क्सवादी नारीवाद अन्तर्निहित भएको निष्कर्ष निकालेकी छन् । उनको यस अध्ययनले नारीवादी अध्ययनको चिन्तन र चेतनामा बलियो आधार खडा गरेको छ । नेपाली साहित्यमा नारीवादी अध्ययनको सुव्यवस्थित र वस्तुनिष्ठ अध्ययन परम्पराको थालनी गरेको यस अध्ययनले भावी अध्येतालाई नारीवादी उपन्यासको सैद्धान्तिक आधार वा प्रतिमानको निर्धारणमा मार्ग प्रशस्त गरेको छ । वि.सं १९९१ देखि २०३९ सम्मका उपन्यासको विश्लेषण गरिएको यस अध्ययनले उत्तरवर्ती उपन्यासमा लैङ्गिकता अध्ययनको लागि रिक्तताको पुष्टि गरेको छ, पृष्ठभूमिका रूपमा रहेको छ । नारीवाद नारीपक्षीय अध्ययन हूनुका साथै लैङ्गिक अध्ययनको विश्लेषणको भरपर्दो आधार पनि हो । यो नारीपुरूष दुबैसँग सम्बन्धित दर्शन हो । अतः यस पूर्वकार्यले उत्तरवर्ती नेपाली उपन्यासमा लैङ्गिकताका आधारमा भावी अध्ययनका लागि रिक्तता स्थापित गर्न सहयोग सामग्री बनेको छ ।

अम्बिका अर्याल (२०७५ ) ले *भृकुटी* पारिजात विशेषाङ्कमा 'परिभाषित आँखाहरू उपन्यासमा नारीवादी सङ्केन्द्रण' शीर्षकको अनुसन्धानात्मक लेखमा अर्धसामन्तवादी पितृसत्तात्मक नेपाली समाजमा पुरूषद्वारा नारीमाथि गरिने दमन, उत्पीडन र शोषणलाई नारी पात्रका रूपमा रहेका चरित्र सङ्केन्द्रकका माध्यमबाट सङ्केन्द्रीकृत गरेकी छन् । अध्ययनमा नारी पात्रले आफ्नो अधिकार र पहिचानका लागि गरेका संघर्ष विभेदप्रतिको विरोध, आश्रयहीनताका कारण नारीले भोग्नुपरेको हिंसात्मक व्यवहार आदिलाई जीवन्त रूपमा विश्लेषण गरिएको छ । अध्ययनले पितृसत्तात्मक समाजमा देखावटी बाबु बनेर बारम्बार बलात्कार गर्ने, उपभोग्य वस्तु सरह बेस्या बनाउन खोज्ने र आफू अनुकूल नभए हत्या गर्न समेत पछि नपर्ने पुरूष पात्रप्रति घृणा र तिरष्कारको भाव व्यक्त गरिएको छ । यस अध्ययनले नेपाली उपन्यासको उत्तरवर्ती चरणमा लैङ्गिक भेद र उत्पीडनसँग सम्बन्धित उपन्यास लेखिने क्रम बढ्दै गएको सन्दर्भलाई सङ्केत गरी नारी समस्यालाई सङ्केन्द्रीकृत गर्दै विश्लेषण गरिने नारीवाद जस्तो प्रतिमानका आधारमा उत्तरवर्ती चरणका अन्य उपन्यासको पनि अध्ययन गर्न सकिने संभावना देखाएको छ ।महिला हिंसा, दमन,शोषण र उत्पीडका विरूद्ध प्रतिरोधको भाव सघन रूपमा अभिव्यञ्जित यस अध्ययनले रिक्तता पत्ता लगाई भावी अध्ययनका लागि मार्ग निर्देश गरेको छ ।

साधना पन्त 'प्रतीक्षा' २०७७ ले *भृकुटी* नारीवाद विशेषाङ्कमा उत्तरवर्ती नेपाली आख्यानमा नारीवादी चिन्तन शीर्षकको लेखमा २०४६ पछिको परिवर्तित राजनैतिक परिवेश पछिको साहित्यलाई उत्तरवर्ती साहित्यको संज्ञा दिंदै परम्परित साहित्यमा पुरूष नजरले नारीका भावना र मुद्धालाई उचित किसिमले सम्बोधन गरी यथोचित स्थान दिलाउन नसकेको सन्दर्भमा नारीवादी समालोचकहरूले नारीलाई नारीकै कोणबाट विश्लेषण गर्नुपर्ने धारणा अगाडि सारेको उल्लेख गरेकी छन् । नारीवादी समालोचनाका आधारमा प्रतिनिधिमूलक आख्यानात्मक कृतिहरूको विश्लेषण गरिएको यस अध्ययनमा उत्तरवर्ती चरणका आख्यानमा सामाजिक, सांस्कृतिक, यौनिक र मातृत्वसँग सम्बन्धित समस्याका साथै शरीरसँग सम्बन्धित समस्यालाई पनि जोड दिएको निष्कर्ष निकालेकी छन् । यस चरणका आख्यानात्मक कृतिमा दुई किसिमका नारीवादी विचार मुखरित भएको उल्लेख गर्दै एकथरि स्रष्टा उदारवादी नारीवादको समयसापेक्ष सुधारको पक्षमा रहेको र अर्काथरि नारीवादीले पतिबाट यौनसन्तुष्टि र मातृत्व प्राप्त गर्न नसकेको अवस्थामा वैकल्पिक मार्ग अवलम्बन गर्न पाउनुपर्ने मागसहित आमूल नारीवादी चिन्तनलाई समर्थन गरेको उल्लेख गरेकी छन् । यी

स्रष्टाहरूले वैवाहिक सम्बन्धलाई बन्धन र उत्पीडनको मूल श्रोत मान्दै आफ्नो शरीरको मालिक आफै हुन पाउने माग राखी कुमारी आमाले मान्यता पाउनुपर्ने धारणा व्यक्त गरेका छन् । यस पूर्वाध्ययनले आख्यानात्मक कृतिमा नारीवादका नवीन अवधारणा भित्रिएको सन्दर्भमा अध्ययनको रिक्ततालाई सङ्केत गर्दै भावी अध्येतालाई नारीवाद लैङ्गिकताको जरो मात्र नभएर विश्लेषणको आधारस्तम्भ पनि हो भन्ने पुष्टि गरेको छ ।

**यौनिकता**

यो पश्चिमी समालोचनामा निकै छलफल र प्रयोगमा ल्याइएको दर्शन हो । लैङ्गिक अध्ययनको विश्लेषणमा बलियो पर्याधारका रूपमा रहेको यौनिकताअन्तर्गत समलिङ्गी, विसमलिङ्गी, द्वैतलिङ्गी, परिवर्तितलिङ्गी, तेस्रोलिङ्गी आदिको अध्ययन गरिन्छ । यो व्यक्तिमा अन्तरनिहीत जैविक रसायन र त्यसले उत्पन्न गरेको संवेगको विशिष्ट अवस्था हो । नेपाली उपन्यासको उत्तरवर्ती चरणमा समयौनिकता तथा अन्य यौनिकताका सन्दर्भमा कानुनले मान्यता प्रदान गरेपछि समलिङ्गी तथा तेस्रोलिङ्गी चरित्रका समस्यामा केन्द्रित भई उपन्यास लेख्ने परम्परा बढ्दै गएको छ । विपरीतलिङ्गी यौनिकतालाई परम्परादेखि नै मान्यता प्रदान गरी समयौनिक र अन्य यौनिकताका सन्दर्भलाई अप्राकृतिक ठानिने परम्परा व्यावहारिक तथा सामाजिक रूपमा अहिले पनि रहेको छ ।

यौनिक अध्ययनका सन्दर्भमा राजेन्द्र खनाल (२०७१ ) ले *नेपाली उपन्यासमा लैङ्गिक चेतना* शीर्षकको विद्यावारिधि तहको शोधपत्रमा उपन्यास विश्लेषणका क्रममा यस चरणका यौनिक समस्यामा आधारित उपन्यासमध्ये प्रतिनिधिमूलक दुईवटा उपन्यास चयन गरी विश्लेषण गरेका छन् । उपन्यासको अध्ययनका क्रममा खनालले पुरूष समलिङ्गीका मनयौनिक समस्या, असन्तुष्टि र अपेक्षालाई इन्द्रकुमार श्रेष्ठ 'सरित'को *अर्धसत्य* उपन्यासको विश्लेषण गरेका छन् भने स्त्री समलिङ्गीका मनयौनिक समस्यालाई केन्द्रित गरी लेखिएको मोहनराज शर्माको सलिजो उपन्यासको विश्लेषण गरेका छन् । यस अध्ययनले उत्तरवर्ती चरणमा यौनिक समस्यामा आधारित उपन्यास लेखन र विश्लेषण परम्पराको थालनी भएको सङ्केत गर्दै यस्ता उपन्यासमा लैङ्गिक चेतना र सशक्तीकरणको क्रम बढ्दै गएको पुष्टि गरेको छ । अध्ययनमा आमूल नारीवादी चिन्तनसँग समन्वित नवीन भाव प्रस्तुत भएको सन्दर्भमा भावी अध्येतालाई रिक्तता स्थापित गर्दै उपन्यास विश्लेषणको आधार निर्धारणको लागि मार्ग निर्देश गरेको छ । खनालकै ( सन् २०१८) मा 'यौनिकताका कोणबाट आवरण उपन्यासको विश्लेषण' शीर्षकको लेखमा यौनिकताको सैद्धान्तिक पर्याधार ठम्याउँदै त्यसका आधारमा यौनिक अल्पसंख्यक व्यक्तिले जीवन यापनका क्रममा भोग्नुपरेका अनुभूतिजन्य हिंसा, दमन, शोषण र उत्पीडनजस्ता समस्यालाई राजनीतिक तथा सामाजिक चुनौतीका सापेक्षतामा विश्लेषण गरिएको छ । यस अध्ययनले यौनिकता जन्मसिद्ध प्राकृतिक गुण भएको पुष्टि गर्दै अल्पसंख्यक यौनिकताप्रति समाजको दृष्टिकोण कानुनसम्मत हुनुपर्ने भाव व्यक्त गरेको छ । अध्ययनमा एकातिर अल्पसंख्यक लैङ्गिकहरूलाई स्वतन्त्र र सम्मानपूर्वक जीवनयापन गर्ने वातावरण सिर्जना गर्नुपर्ने सङ्केत गरिएको छ भने अर्कोतर्फ उत्तरवर्ती चरणमा गणतन्त्र स्थापनापछि यस्ता उपन्यास लेखनको परम्परा बढेको पुष्टि गरिएको छ । अत : यस अध्ययनले यौनिक अल्पसंख्यकको लैङ्गिक चेतनाको अभिव्यक्ति प्रबल बन्दै आएको सन्दर्भमा यौनिकताका आधारमा लैङ्गिक अनुसन्धान गर्न सकिने रिक्तता स्थापित गरेको छ ।

दीपकप्रसाद ढकाल (सन् २०१८) ले 'नेपाली आख्यानमा तेस्रो लैङ्गिक चरित्र' शीर्षकको लेखमा २०३६ पछिका आख्यानमा तेस्रो लिङ्गी चरित्रको प्रयोग भएको र तिनको पहिचान र अस्तित्व स्थापनामा समाजमा व्याप्त विपरितलिङ्गी मान्यता तथा पितृसत्ताको वर्चस्वका कारण संघर्ष गर्नुपरेको तथ्यलाई उल्लेख गर्दै नेपाली आख्यानको

परम्परामा ‘अतिरिक्त’ उपन्यास २०५० र ‘तेस्रो रंग’ कथा (२०६६) ले आख्यानमा फरक प्रवृतिको आरम्भ गरेको उल्लेख गरेका छन् । अध्ययनका क्रममा तेस्रोलिङ्गी चरित्र र तिनका स्वभावलाई वर्गीकरण गर्दै स्त्रीसमलिङ्गी तथा पुरूष समलिङ्गीका यौनिक समस्यालाई विश्लेषण गरिएको छ । यस अध्ययनमा लैङ्गिक हिंसा, भेद, उत्पीडन, दमन र शोषणको विश्लेषणमा नवीन ढाँचालाई आत्मसात् गरी प्रत्यक्ष रूपमा खुलेर विश्लेषण गरिएको हुनाले भावी अध्येतालाई रिक्तता स्थापित गरेको छ ।

**शरीर राजनीति**

सांस्कृतिक अध्ययनमा लैङ्गिक अध्ययनको उल्लेख्य प्रतिमानका रूपमा शरीर राजनीतिलाई पनि स्थान प्रदान गरिएको छ । शरीरलाई वस्तुकरण गरी शोषण, दमन र उत्पीडनका कारण अधीनस्थ अवस्थामा पुर्याइने हुनाले शरीर राजनीतिलाई लैङ्गिक अध्ययनको विषय बनाइएको हो । यसले महिलाको शरीर पुरूषको अधीन र नियन्त्रणबाट मुक्त हुनुपर्ने मान्यता अगाडि सारेको छ । यसले वैयक्तिक शरीरलाई सामाजिक शरीरमा रूपान्तरण गरी शरीरको सौन्दर्य र सुगठिततालाई वस्तुका रूपमा उपभोग गर्ने प्रक्रियाको विरोध गर्दछ । यसले उत्तरआधुनिकतावादको पुँजीवादी, उपभोक्तावादी संस्कृतिले महिलालाई विज्ञापन तथा फेसन प्रदर्शनको माध्यम बनाउने प्रक्रियाको विरोध गर्दछ । राजनीतिक तथा वैयक्तिक विषयका रूपमा रहेको शरीर राजनीतिले अरूको शोषणबाट शरीर मुक्त रहनुपर्ने मान्यतालाई जोड दिन्छ । यसले शरीरलाई जीववैज्ञानिक, सामाजिक, दार्शनिक निर्मिति मानेको छ । नारी पुरूषबीचको सम्बन्ध, महिलाको शरीरको सुन्दरता, रजस्वला, गर्वधारण, सन्तान उत्पादनजस्ता विषयलाई केन्द्रमा राखी उपन्यास रचना गर्ने परम्परा उत्तरवर्ती उपन्यासमा बढ्दो छ ।

समकालीन परम्परामा नारी स्रष्टाहरूले शरीर राजनीतिलाई अध्ययनको मूल विषय बनाउन थालेको सन्दर्भमा गीता त्रिपाठी (२०७५) ले ‘परिभाषित आँखाहरूमा प्रयुक्त शरीर राजनीति’ लेखमा पुँजीवादी उपभोक्तावादी संस्कृतिका कारण यस उपन्यासकी प्रमुख पात्र बिज्जीलगायतका नारी पात्रहरू विज्ञापनमुखी प्रवृतिको सिकार भएको विश्लेषण गरेकी छन् । उपन्यासकी प्रमुख पात्र बिज्जी राजनीतिकै कारण टुहुरीबाट नोकर्नी, नोकर्नीबाट धर्मपुत्री, धर्मपुत्रीबाट रखेल र रखेलबाट रन्डीमा रूपान्तरित भएकी छ । यस अध्ययनले शरीर राजनीतिका माध्यमबाट समाजमा व्याप्त लैङ्गिक भेद, दमन, शोषण र उत्पीडनलाई पुष्टि गरेको छ । उनको यस अध्ययनले पितृसत्तात्मक समाजमा नारी अस्तित्व र पहिचान शरीरसँग सम्बन्धित भएर रहने विषयलाई पुष्टि गर्दै भावी अध्येतालाई लैङ्गिक अध्ययनको रिक्तता स्थापित गर्न सहयोग पुऱ्याएको छ ।

उत्तरआधुनिकतावादी उपभोक्तावादी संस्कृतिले महिलालाई विज्ञापनको साधन,फेसनको माध्यम र तिनका शरीरलाई मनोरञ्जनका साधनको माध्यम बनाएर प्रदर्शन गरेको सन्दर्भमा रामचन्द्र पौडेल (सन् २०१०) ले *जेन्डर एण्ड सेक्सुवालिटी इन म्यागेजिन एडभटाइजिंग अ क्रिटिकल डिस्कोर्स एनालाइसिस* शीर्षकमा विद्यावारिधि तहको शोधमा महिला र पुरूषको सम्बन्ध लैङ्गिक रूपमा मात्र नभएर रेस, क्लास र इथ्निसिटीमा आधारित हुने कुरा उल्लेख गरेका छन् । उनले उत्पादन सामग्री, श्रृङ्गारिक सामग्री, फेसन प्रदर्शन, गृहस्थी सामानको प्रचारप्रसार, आकर्षक गहना, कपडाको प्रयोग, गृहसज्जा आदिको विज्ञापनमा महिलालाई बढी प्रयोग गरिएको तथ्याङ्कको पुष्टि गरेका छन् । व्यवसायीहरूले महिला शरीरका माध्यमबाट व्यवसाय बढाएको वास्तविकतालाई कतिपय महिलाले बुझ्न नसकेर र कतिपयले बुझ्दा बुझ्दै पनि आर्थिक दुरावस्थाका कारण उपभोग्य वस्तुसरह बनेको पुष्टि गरिएको यस अध्ययनले एकातिर शरीर राजनीतिका आधारमा लैङ्गिक अध्ययन गर्ने परम्पराको थालनी गरेको छ भने अर्कोतिर उपभोक्तावादी पुँजीवादी

अर्थव्यवस्थामा पितृसत्ताले नारीलाई वस्तुसरह प्रयोग गरेकोमा स्वयम् सचेत भई पहिचान र प्रतिरोधको भावसहित अघि बढ्नुपर्ने निष्कर्ष निकालेको छ । यस अध्ययनले बढ्दै गएको उपभोक्तावादी संस्कृतिको प्रभाव परेका उत्तरवर्ती उपन्यासको लैङ्गिक विश्लेषणका क्रममा रिक्तता पत्ता लगाउन सहयोग पुऱ्याएको छ।

**निष्कर्ष**

नेपाली साहित्यको समकालीनतासँग समन्वित उत्तरवर्ती चरण उत्तरआधुनिकतावादको बहुलवादी दार्शनिक मान्यतालाई अवलम्बन गर्दै गतिशील रहेको छ । सांस्कृतिक अध्ययनको क्षेत्रभित्र समेटिएको नारीवादी राजनैतिक दर्शनबाट विकसित र विस्तारित लैङ्गिकता अमेरिकी सांस्कृतिक अध्ययनबाट प्रेरित र प्रभावित हँदै गतिशील भएको हो । सन् १९८० पछि वैश्विक चिन्तनका रूपमा मान्यता प्राप्त गरेको लैङ्गिकताले नेपाली साहित्यसमालोचनामा २०५०को दशकपछि प्रवेश पाएको हो । सामाजिक समस्याका रूपमा रहेको लैङ्गिकताले लैङ्गिक समता र समानताको खोजी गर्दछ। सामाजिक सांस्कृतिक निर्मितिका रूपमा स्थापित लैङ्गिक चिन्तनले साहित्य समालोचनामा प्रभाव पार्ने क्रम बढ्दो छ। उत्तरवर्ती नेपाली उपन्यासमा लैङ्गिकताको खोजी गरिएको यस अध्ययनबाट पितृसत्ता, नारीवाद, यौनिकता र शरीर राजनीतिजस्ता प्रतिमानका आधारमा लैङ्गिकतासम्बद्ध पूर्वाध्ययनको विश्लेषण गरी तिनमा अन्तर्निहित नारी पुरूषबीचको अन्तरसम्बन्धबाट उत्तरवर्ती चरणमा बदलिंदो परिस्थितिसँगै लैङिगक चेतना र चिन्तनमा नवीन अवधारणा प्रबल रूपमा अभिव्यक्त भएको पुष्टि भएको छ। उपर्युक्त पूर्वकार्यको अध्ययनले उल्लेखित प्रतिमानका आधारमा लैङ्गिक अध्ययन गर्न सकिने पुष्टि भएको छ। उत्तरवर्ती नेपाली उपन्यासमा लैङ्गिक चेतना सशक्त र प्रबल बनेर आएको परिप्रेक्ष्यमा उपन्यास विधामा केन्द्रित रहेको यस अध्ययनमा लैङ्गिक सिद्धान्तका प्रमुख प्रतिमानका रूपमा रहेका पितृसत्ता, नारीवाद, यौनिकता र शरीर राजनीति सम्बद्ध अध्ययनलाई पूर्वकार्यका रूपमा लिई तिनको समीक्षा गर्दा उत्तरवर्ती चरणका उपन्यासमा लैङ्गिकताको अध्ययन गर्न सकिने रिक्तता रहेको छ। समय, समाज र संस्कारसम्बद्ध गतिशील दर्शनका रूपमा रहेको लैङ्गिकताका आधारहरू पितृसत्ताबाट असम्पृक्त हुन सक्दैनन् । उपर्युक्त पूर्वकार्यको समीक्षाबाट लैङ्गिकतासम्बद्ध कृतिको चयन गरी कृतिमा व्यक्त बस्तु,चरित्र,भाव,परिवेश आदिलाई उल्लेखित प्रतिमानसँग समन्वय गरी कृतिको मूल्य निरूपण गर्न सकिन्छ। अतः लैङ्गिकतासँग सम्बद्ध पूर्वाध्ययनको संश्लेषण र विश्लेषणले उत्तरवर्ती चरणको सशक्त प्रवृतिका रूपमा गतिशील लैङ्गिकताका आधारमा जीवनजगत्का यथार्थ पक्षलाई प्रतिबिम्बन गर्ने उपन्यास विधासम्बद्ध शोध्य समस्या निर्क्यौल गरी अध्ययन विश्लेषण र मूल्याङ्कन गर्नसकिने निष्कर्ष प्राप्त हुन्छ।

**सन्दर्भ ग्रन्थसूची**


अर्याल, अम्बिका (२०७५). परिभाषित आँखाहरूमा नारीवादी सङ्केन्द्रण. *भृकुटी*. भाग .२२, २०७५, पृष्ठ १६ –२६।

खनाल, राजेन्द्र (२०७१). *नेपाली उपन्यासमा लैङ्गिक चेतना* अप्रकाशित विद्यावारिधि शोधपत्र, शिक्षाशास्त्र संकाय त्रिभुवन विश्वविद्यालय कीर्तिपुर ।

गौतम, कृष्ण (२०५९). *आधुनिक समालोचना : अनेक रूप अनेक पठन* (दोस्रो संस्क. ), साझा प्रकाशन।

ढकाल, रजनी (२०७२). *नेपाली नारी उपन्यासमा लैङ्गिकता*. दोभान प्रकाशन ।

ढकाल, दीपक (सन् २०१८). 'नेपाली आख्यानमा तेस्रो लैङ्गिक चरित्र' *त्रि.वि.जर्नल*, भोलुम १८, पृ...।

त्रिपाठी गीता (२०७५). परिभाषित आँखाहरू उपन्यासमा प्रयुक्त शरीर राजनीति, *भृकुटी*, भाग २२, पृ ५१ –५८ ।

त्रिपाठी, सुधा (२०६८). *आधुनिक नेपाली उपन्यासमा नारीवादी चेतना*, अप्र. विद्यावारिधि शोधपत्र, मानविकी तथा सामाजिक शास्त्र संकाय कीर्तिपुर ।

पाण्डे, ज्ञानु (२०६९). *नेपाली उपन्यासमा लैङ्गिकता*, नेपाल प्रज्ञाप्रतिष्ठान ।

पौडेल, रामचन्द्र (सन् २०१०). *जेन्डर एण्ड सेक्सुआलिटि इन म्यागेजिन अर एडभटाइजिंग क्रिटिकल डिस्कोर्स एनालाइसिस*, अप्र. विद्यावारिधि शोधपत्र, मानविकी तथा सामाजिक शास्त्र संकाय कीर्तिपुर ।

प्रतीक्षा, साधना (२०७७). उत्तरवर्ती आख्यानमा नारीवादी चिन्तन. *भृकुटी*, भाग २३, पृ.३९८–४१७ ।